मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com




● वर्ष ३ ● अंक १२४ ● २०८१ साल चैत्र ०५ गते मंगलबार ● Tuesday 18, March 2025 ● सूर्योदयः बिहान ६:११ बजे ● सूर्यास्तः साँझ ६:१५ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

## आफ्नै सूचना

प्राविधिक कारणवश आज मधेशदृष्टि दैनिक ४ पृष्ठ मात्र प्रकाशन भएको छ ।

– मधेश प्रदेश प्रकाशन समूह

# प्रदेश सभाबाट सिधै दलको खातामा

# मासिक पौने १० लाख

*हरेक महिना करिब ९ लाख ७६ हजार ९ सय ४५ रुपैयाँ मधेश प्रदेश सभाबाट लेबीस्वरुप विभिन्न पार्टीको खातामा जाने गरेको छ ।*

### कुन पार्टीले कति लिन्छ लेबी ?

१. नेकपा एमालेः १० हजार रुपैयाँ
२. नेपाली कांग्रेसः २० प्रतिशत
३. जसपा नेपालः १५ प्रतिशत
४. जनमत पार्टीः १८ हजार रुपैयाँ
५. नेकपा माओवादी केन्द्रः ६ हजार ५ सय रुपैयाँ
६. लोसपा नेपालः १० हजार रुपैयाँ
७. राप्रपाः १० हजार रुपैयाँ




**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
मधेश प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलहरुमध्ये अधिकांश दलले पार्टीलाई लेबी तिर्ने गरेका छन् । प्रदेश सभामा पार्टीको टिकटबाट निर्वाचित भएपछि दलगत व्यवस्थाअनुसार पार्टीलाई सहयोग गर्न प्रदेश सभाका एक जना सदस्यबाहेक सबै पार्टीका प्रदेश सभा सदस्यले लेबी तिरिरहेका छन् ।

मधेश प्रदेश सभाका सूचना अधिकारी होमनाथ पहाडीका अनुसार संघमा समेत लेबी तिर्नुपर्ने व्यवस्था रहेकाले प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलहरुको संसदीय दलको निर्णयका आधारमा उनीहरुले दिने खातामै लेबीबापतको रकम पठाउने गरिएको छ । हरेक महिना करिब ९ लाख ७६ हजार ९ सय ४५ रुपैयाँ मधेश प्रदेश सभाबाट लेबीस्वरुप विभिन्न पार्टीको खातामा जाने गरेको छ । प्रदेश सभाका सदस्यहरुको लेबी भने प्रदेश सभाले पार्टीको खातामा सोझै पठाउने गरेको पहाडी जानकारी दिए ।

मधेश प्रदेश सभामा एमाले सबैभन्दा ठूलो पार्टीका रुपमा छ । नेकपा एमालेको २४ प्रदेश सभा सदस्य छन् । पार्टीका प्रदेश सभा सदस्यले सरदर १० हजार रुपैयाँ प्रत्येक महिना पार्टीलाई बुझाउने गरेका छन् । त्यसैगरी, दोश्रो ठूलो दल नेपाली कांग्रेसका प्रदेश सभा सदस्यले २० प्रतिशत लेबी पार्टीलाई बुझाउने गरेको जानकारी दिएको छ । पार्टीका मुख्य सचेतक कुँवरकान्त झाले पार्टी संसदीय दलको विधानमै २० प्रतिशत व्यवस्था रहेको जानकारी दिए । जसमा संसदीय दलका नेता र प्रमुख सचेतकले केही रकम बढी तिर्ने गरेका छन् भने अन्य प्रदेश सभा सदस्यले २० प्रतिशतले १२ हजार ६ सय ४ रुपैयाँ तिर्ने गरेका छन् ।

त्यसैगरी, जनता समाजवादी पार्टी नेपालले १५ प्रतिशत लेबी पार्टीलाई तिर्ने गरेको छ । जसअनुसार पार्टीका सचेतक र संसदीय दलका नेताले केही बढी तिर्ने गरेका छन् भने सदस्यहरुले ९ हजार ४ सय ५३ रुपैयाँ लेबी पार्टीलाई तिर्ने गरेका छन् । माओवादी केन्द्रले ६ हजार ५ सय रुपैयाँ सबैलाई लेबीबाट लिने गरेका छन् । त्यसैगरी प्रदेश सभामा जनमत पार्टीले १८ हजार रुपैयाँ लेबीबापत लिने गरेको छ । जुन सबैभन्दा बढी हो ।

त्यसैगरी, नेकपा एकीकृत समाजवादी पार्टीले १० हजार रुपैयाँ लेबी लिने गरेको छ भने लोसपाले समेत १० हजार रुपैयाँ लेबी लिने गरेको छ । मधेश प्रदेश सभामा प्रतिनिधित्व गर्ने राष्ट्रिय प्रजातन्त्र पार्टीले १० हजार रुपैयाँ र संघीय समाजवादी पार्टीका प्रदेश सभा सदस्य बिमला अन्सारी तरन्नुम र नागरिक उन्मुक्ति पार्टी उर्मिला सिंहले भने पार्टीलाई लेबी तिर्दैनन् । बिमलाका श्रीमान रिजवान अन्सारी पार्टीका केन्द्रीय अध्यक्ष हुन् ।

मधेश प्रदेश सभाका सदस्यले प्रत्येक महिना पारिश्रमिक र सेवा सुविधासहित ८२ हजार २० रुपैयाँ पाउने गरेका छन् ।

जसमध्ये पारिश्रमिक ६३ हजार २०, आवास खर्चबापत १५ हजार, निजी सचिवालयबापत २ हजार, बिजुली धाराबापत २ हजार, सञ्चारवापत ३ हजार रुपैयाँ पाउने गरेका छन् । त्यसैगरी संसदीय दलका नेतालाई गाडीसहित केही कर्मचारी र पारिश्रमिक अलि बढी हुने गरेको छ भने मुख्य सचेतक र समितिका सभापतिलाई गाडी, इन्धन र केही पारिश्रमिकसमेत बढी हुने गरेको छ ।

# पत्रकारकै सुगर रिपोर्ट फरक आएपछि......

**मधेशदृष्टि**
**राजविराज ।**
प्रयोगशालापिच्छे फरक रिपोर्ट आउनाले एकातिर बिरामी र चिकित्सकलाई कुन रिपोर्ट पत्याउने भन्ने अलमल । अर्कातिर प्रयोगशालाको विश्वसनीयतामाथिसमेत प्रश्न चिन्ह खडा भएको छ ।

यस्तै, अलमलमा परेका छन् सप्तरी, रुपनी गाउँपालिका–४ का ४९ वर्षीय विनयकुमार लाल कर्ण । पत्रकारिता पेशामा लागेका कर्ण नेपाल प्रेस युनियन सप्तरीका सभापतिसमेत हुन् । फागुन २७ गते स्वास्थ्यमा समस्या भएपछि उनी स्थानीय गजेन्द्रनारायण सिंह अस्पताल परिसरमा सञ्चालनमा रहेको प्रयोगशालामा रगत जचाउन पुगे । रगत जचाउँदा रिपोर्टमा खाली पेट १ सय ७२ र खाना खाएपछि रगतमा चिनी (सुगर) को मात्रा १ सय ५३ देखाइएको थियो । विगतमा कहिले सुगरको मात्रा नबढेको कर्णको हातमा असमान रुपमा चिनीको मात्रा बढेको रिपोर्ट परेपछि उनी झस्किए । रिपोर्टमा शंका लागेर भोलिपल्ट फागुन २८ गते बिहान पुनः रगत जाँचका लागि विराटनगर पुगे । विराटनगरको रंगेलीस्थित इन्डोक्राइन क्लिनिकमा पुनः जाँच गराउँदा खाली पेटमा ९६ र खाना खाएपछि रगतमा चिनी (सुगर) को मात्रा १ सय २९ को रिपोर्ट आयो । त्यसपछि चकित परेका उनी दुवै रिपोर्ट लिएर चिकित्सककहाँ पुगे । चिकित्सकले विराटनगरकै रिपोर्टलाई मान्यता दिँदै औषधी चलाएपछि स्वास्थ्यमा सुधार हुँदै गएको कर्ण बताउँछन् ।

रिपोर्टकै आधारमा डाक्टरले औषधी लेख्ने भएकाले ल्याबपिच्छे फरक रिपोर्ट आउनुले आपूm मात्र नभई केहीबेर डाक्टरसमेत अलमलमा परेको र अन्त्यमा सोचविचार गरी विराटनगरकै रिपोर्टलाई आधार बनाएर औषधी दिएको कर्णले सुनाए ।

उनले दुवै प्रयोगशालाबाट बेग्लाबेग्लै रिर्पोट आउँदा बिरामी र डाक्टरलाई अलमलमा पार्नुका साथै कसको रिपोर्ट ठिक मान्ने भन्ने गम्भीर प्रश्न उठेको बताए । दुवै प्रयोगशालाका स्वास्थ्यकर्मीले भने आआफ्नो रिपोर्ट नै ठिक रहेको दाबी गरिरहेका छन् ।

एउटा रिपोर्टमा चिनीको मात्रा कम र अर्कोमा बढी हुनुलाई सामान्य फरक भन्न मिल्दैन, पत्रकार महासंघ शाखा सप्तरीका सभापति श्रवण कुमार देव भन्छन्, ‘यस्ता ल्याब र क्लिनिकमा पनि कडाइका साथ सम्बन्धित निकायद्वारा अनुगमन गरिनु पर्दछ ।’

# गोली लागेका युवकको पहिचान

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको सबैला नगरपालिका–९ भठियानमा प्रहरीले चलाएको गोली लागेर घाइते भएका युवकको पहिचान खुलेको छ । उनी शहीद नगरपालिका–१ कुम्भकरणका २० वर्षीय सन्तोषकुमार यादव भएको प्रहरीले बताएको छ । सबैला नगरपालिका–९ भठिहनस्थित चोकको नाम राख्ने विषयमा सोमबार झडप भएको थियो ।

दुई पक्षबीच भएको झडप नियन्त्रण गर्न प्रहरीले गोली चलाउनु परेको धनुषाका प्रहरी प्रवक्ता डिएसपी बरुणबहादुर सिंहले जानकारी दिए । गोली लागेर घाइते यादवलाई उपचारका लागि जनकपुरधामस्थित प्रादेशिक अस्पताल पु¥याइएको डिएसपी सिंहले बताए । उनका अनुसार यादवको मलद्वारमा गोली लागेको छ । भठिहनस्थित चोकमा केहीअघि यादव चोक लेखिएको बोर्ड राखिएको थियो । त्यसपछि अन्य समुदायले बोर्ड उखेलेपछि आइतबारदेखि दुई समूहबीच तनाव बढेको थियो ।

# तीन पालिकामा महिला नेतृत्व



**इसरत परवीन**
कार्यबाहक प्रमुख
राजविराज नगरपालिका



**अनिता कुमारी चौधरी**
कार्यबाहक प्रमुख
शम्भुनाथ नगरपालिका



**गीता चौधरी,**
प्रमुख
सुरुङ्गा नगरपालिका

**मनोज माझी**
**राजविराज ।**
सप्तरीको तीन पालिका महिलाले हाँक्दै आएका छन् । दुई महिलाले कार्यबाहकको जिम्मेवारी पाएका छन् भने एक पालिकामा पहिलादेखि नै प्रमुख पदमा महिला छिन् । संयोगबस महिलाले हाँक्ने तीनवटै पालिका नगरपालिका हो ।

तीनवटामध्ये राजविराज नगरपालिकामा इसरत परवीन र शम्भुनाथ नगरपालिकामा अनिता कुमारी चौधरी उपप्रमुखमा निर्वाचित भएका थिए । सुरुङ्गा नगरपालिकामा गीता चौधरी प्रमुख पदमै निर्वाचित भएकी थिइन् । इसरत परवीन जसपा नेपाल, अनिता चौधरी नेकपा एकीकृत समाजवादी र गीता चौधरी नेपाली कांग्रेसबाट उम्मेदवार भएर चुनाव जितेका हुन् ।

राजविराज नगरपालिकाका प्रमुख भीमराज यादव तथा शम्भुनाथ नगरपालिकाका जितेन्द्र प्रसाद गुप्ता अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कारबाहीमा परेपछि दुवै पालिकाका उपप्रमुख कार्यबाहक प्रमुख भएर पालिकाको नेतृत्व गरिरहेका छन् ।

नगर हाँक्ने नेतृत्वको अवसर पाएकी तीनवटै नगरप्रमुखले घर व्यवहारसँगै नगर विकास निर्माण कार्यमा खरो उत्रने गरी काम गरिरहेको बताए । राजविराज नगरपालिकाकी कार्यबाहक नगरप्रमुख इसरत परवीन भन्छिन, ‘नगरपालिकाको अवस्था दयनीय रहँदा र विकास निर्माणको कामले गति लिन नसकेका बेला आफूले कार्यभार सम्हालेको र विस्तारै अवस्थामा सुधार आउन थालेको छ ।’

उनले कसैकसैबाट विभिन्न भ्रामक हल्ला फिजाएर आफ्नो मनोबल घटाउने प्रयास भए पनि सुशासन र पारदर्शिता वृद्धिका लागि थालेको प्रयासमा कुनै कमी आउन नदिने प्रतिवद्धता व्यक्त गरिन् । वर्षौंदेखि अतिक्रमणको चपेटामा रहेको नगर क्षेत्रका अधिकांश अतिक्रमित जग्गा खाली गराउन सफल भएको भन्दै उनले यसले निकै आत्मसन्तुष्टि मिलेको बताइन् ।

सुरुङ्गा नगरपालिकाकी प्रमुख गीता चौधरीले पालिकाको विकासमा आफूलाई सबै जनप्रतिनिधिको साथ र सहयोग रहेकाले काम गर्न सहज भएको प्रतिक्रिया दिइन् । उनले विकास निर्माणसँगै महिला सशक्तिकरणका लागि समेत आफूले विभिन्न योजना कार्यान्वयमा ल्याएको जानकारी दिइन् । मधेश प्रदेशमै सुरुङ्गा नगरपालिकालाई पहिलो बालविवाह मुक्त पालिका घोषणा गर्न सफल भएको भन्दै उनले यसले आफूलाई थप हौसला मिलेको बताइन् ।

शम्भुनाथ नगरपालिकाको कार्यबाहक नगरप्रमुख अनिता चौधरी जिम्मेवारीले दैनिकी बदलिएको भए पनि प्रमुखको भूमिका कुशलतापूर्वक निर्वाह गरिरहेको बताउँछिन् ।

सप्तरीको १८ पालिकामध्ये स्थानीय तह निर्वाचनमा नेपाली कांग्रेसले सर्वाधिक पाँच पालिकामा प्रमुख पदमा जित हासिल गरेको थियो । यस्तै जसपा, लोसपा र नेकपा एमालेले तीन–तीन, जनमतले दुई तथा नेकपा एकीकृत समाजवादी र नेकपा माओवादी केन्द्रले एक–एक प्रमुख पदमा जित निकालेको थियो ।

# प्रहरी प्रमुखमा दीपक थापा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल प्रहरीको प्रमुखमा दीपक थापा नियुक्त भएका छन् । सोमबारको मन्त्रिपरिषद् बैठकले नेपाल प्रहरी प्रमुखमा थापालाई नियुक्त गर्ने निर्णय गरेको हो । प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बसेको बैठकले थापालाई प्रहरी



अतिरिक्त महानिरीक्षकबाट प्रहरी महानिरीक्षकमा बढुवा गर्ने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री एवम् सरकारका प्रवक्ता पृथ्वी सुब्बा गुरुङले जानकारी दिए ।

बैठकले राष्ट्रिय विपद् न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी निर्देशकमा दिनेश भट्टलाई नियुक्त गर्ने निर्णय गरेको छ ।

# उपकुलपति नहटाउन अदालतको आदेश

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सर्वोच्च अदालतले मधेश कृषि विश्वविद्यालयका उपकुलपति डा. वैद्यनाथ महतोलाई नहटाउन आदेश दिएको छ । न्यायाधीश बालकृष्ण ढकालको एकल इजलासले मधेश सरकारको उपकुलपति हटाउनेसम्बन्धी निर्णय तत्काल कार्यान्वयन नगर्न मधेश प्रदेशका मुख्यमन्त्री एवम् मधेश कृषि विश्वविद्यालयका कुलपतिसमेतका नाममा आदेश दिएको हो ।




सर्वोच्च अदालतका सूचना अधिकारी निराजन पाण्डेले फागुन २० गते बसेको विश्वविद्यालय सिनेट बैठकले मधेश कृषि विश्वविद्यालयका उपकुलपति डा. महतो र रजिस्ट्रार भगवान ठाकुरलाई हटाउन गरेको निर्णय कार्यान्वयन नगर्न आदेश दिएको हो । नीति तथा योजना आयोगका उपाध्यक्ष डा. सोहनप्रसाद साहको नेतृत्वमा गठित तीनसदस्यीय समितिले असोज ७ गते बुझाएको प्रतिवेदनका आधारमा उनीहरुलाई हटाइएको थियो । तत्कालीन जसपा नेपाल नेतृत्वको सरकारले २०८० मंसिर २१ गते विश्वविद्यालयको उपकुलपतिमा डा. महतोलाई नियुक्त गरेका थियो । केही दिनपछि रजिस्ट्रारमा ठाकुर नियुक्त भएका थिए ।

सम्पादकीय

# रेलमार्गबाट सुक्खा बन्दरगाहमा सिधैं ढुवानी

तेस्रो मुलुकबाट नेपाल आउने सामान भारतको कोलकत्तामा रोकिने गरेको थियो । त्यहाँ अनेक विलम्ब शुल्कले व्यवसायी हैरानीमा पर्ने गरेका थिए भने यता नेपालमा उद्योगले समयमा उत्पादन गर्न नपाएर समस्या हुने गरेको थियो । यस्तो अवस्थामा पहिलोपटक रेलमार्गबाट सुक्खा भन्सारसम्म कच्चा तेल (क्रुड आयल) भित्रिएको छ । यो क्रम शुरु भएसँगै व्यवसायीले भनेका छन् कि यसले ढुवानी खर्चमा मात्रै १५ प्रतिशत भन्दा बढी बचत हुन्छ । भारतमा तिर्नु पर्ने करोडौँ जरिवानाबाट व्यवसायी मुक्त भएका छन् । कोलकत्ताको हल्दिया डक बन्दरगाहबाट पहिलोपटक सोयाबिनको कच्चा तेल बोकेको 'ट्यांक कन्टेनर' वीरगंज ड्राइपोर्ट भन्सार भित्रिएसँगै व्यवसायीमा खुशी छाएको हो । बाराको जीतपुरस्थित खाने तेल उत्पादक शिव शक्ति प्रालिले अर्जेन्टिनाबाट खरिद गरेको क्रुड आयल भित्रिएको हो । २० फिटका ९० वटा ट्यांक कन्टेनरमा दुई हजार मेट्रिक टनका दरले कच्चा तेल (क्रुड आयल) आयात भएको हो । रेलमार्गबाट ट्यांक कन्टेनरमा क्रुड आयल आएसँगै सिर्सिया सुक्खा बन्दरगाह (ड्राइपोर्ट) भन्सारले व्यवसायीलाई थप खुशी प्रदान गरेको हो ।

रेलमार्गबाट कच्चा तेल आयात भएपछि कच्चा तेलको ढुवानी भाडामा सडकमार्गको ढुवानीको भाडामा औसत १५ प्रतिशत बचत हुने बताइएको छ भने तेस्रो मुलुकबाट खरिद गरिएको कच्चा तेल कोलकत्ताको बन्दरगाहमा अलपत्र पर्ने समस्या पनि हल भएको छ । विलम्ब शुल्क र डिटेन्सन शुल्कको झन्झट हटेकाले नेपाली उत्पादनले समयमा बजार पुग्न पाउने देखिएको छ । कच्चा तेल आयातमा देखिएको कठिनाइको समस्या एक हिसाबले हल भएको देखिएको छ ।

नेपालबाट प्रशोधित खाने तेल भारतमा हुने निकासी फुकुवा भएकाले नेपाली तेल उद्योगका लागि बजार विस्तार भएकै थियो । योसँगै कच्चा पदार्थ पनि सहजसँगै तेस्रो मुलुकमा आउन थालेपछि नेपालले आफ्नो उत्पादनमा अरु गुणस्तर र समयमा बजारीकरणको मौका पाउने अनुमान गरिएको छ । साना ठूलो सबै तेल उद्योगले लाभ लिन सक्ने देखिएको छ ।

सिर्सिया सुक्खा बन्दरगाह भन्सार कार्यालयले नेपाल, भारत र तेस्रो मुलुकसँगको व्यापारमा सहजता प्रदान गरेको छ । व्यवसायीलाई यसले राहत नै भएको छ । व्यापार सहज बनाउनु र उद्योगहरुलाई समयमा ढुवानीको सेवा दिनु नै बजारीकरणमा मदत पनि हो । रेलमार्गबाट तेल आयात शुरु भएपछि भन्सारको आयात र राजस्व संकलन पनि बढ्ने अनुमान छ । नेपाली व्यवसायीका हितमा भइरहेका यस्ता कामले बारा पर्साका उद्योगहरुलाई राहत नै भएको छ ।

# निर्वाचन प्रणाली र शासकीय स्वरुप परिवर्तन गरौँ




नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाउन निर्वाचन प्रणाली र शासकीय स्वरुप परिवर्तन गर्नुपर्नेमा जोड दिएका छन्।

जनता समाजवादी पार्टी (जसपा), सङ्घीय परिषद् अध्यक्ष राजेन्द्र श्रेष्ठद्वारा लिखित 'ऐतिहासिक नेपालमण्डल, सङ्घवादया सिद्धान्त व नेवाः म्हसीका' पुस्तक लोकार्पण गर्दै उनले पूर्णसमानुपातिक निर्वाचन प्रणाली र प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणाली नभएसम्म सङ्घीय लोकतान्त्रिक गणतन्त्रले स्थायित्व र सुशासन दिन नसक्ने बताए।

'अहिलेका घटनाक्रमले यसलाई पुष्टि गरिरहेको छ । देशमा जस्तो राजनीतिक घटनाक्रम देखा पर्दैछ, यसले शासकीय स्वरुप र निर्वाचन प्रणालीलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र अनुकूल नबनाउँदासम्म यस्ता राजनीतिक घटनाक्रम बारम्बार आइरहने छन्,' अध्यक्ष दाहालले भने । सांसदहरू मध्येबाटै मन्त्रिमण्डल बनाउने प्रणालीले विभिन्न विकृति निम्त्याइरहेको र भ्रष्टाचार संस्थागत हुँदै जाने अवस्था देखिएको उनको भनाइ छ । अध्यक्ष दाहालले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणाली भएमात्रै राजनीतिक स्थायित्वसँगै जनताको आकाङ्क्षा सम्बोधन हुने जिकिर गरे । उनले नेपाल संवत्लाई राष्ट्रिय संवत् घोषणा गरी सरकारी दस्ताबेजमा उल्लेख गर्ने र नेपाल भाषालाई सरकारी कामकाजको भाषाका रूपमा प्रयोगको निर्णय गरेर नेवाः पहिचानलाई अगाडि बढाइएको बताए।

'सरकारमा जाने कुनै नीति छैन'

अध्यक्ष दाहालले आफ्नो पार्टीले अहिले सरकारमा जाने नीति नलिएको स्पष्ट पारे । 'देशमा सङ्कट आयो भने त्यसलाई कसरी समाधान गर्ने भन्ने विचार दिन्छौँ तर यही सरकारमा सहभागी हुने कुनै नीति छैन,' उनले भने । अध्यक्ष दाहालले सत्तारुढ दलसँग सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित विषयलाई चाँडो टुङ्ग्याउन छलफल भए पनि सरकारबारे कुनै संवाद नभएको बताए । जसपा सङ्घीय परिषद् अध्यक्ष श्रेष्ठले दशवर्षे सशस्त्र सङ्घर्ष र जनआन्दोलनका बलमा नेपालबाट राजतन्त्र उन्मुलन भएको उल्लेख गर्दै इतिहासमा सीमित भइसकेको राजतन्त्र कुनै पनि हालतमा नफर्कने दाबी गरे । 'केही मानिस अहिले राजतन्त्र फर्काउछौँ भनेर लागेका छन्, त्यसको कयौँ गुणा बढी नागरिक सडकमा उत्रेर राजतन्त्र अन्त्य भएको हो,' उनले भने, 'सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई थप परिस्कृत र परिमार्जित गर्दै लैजानुपर्छ, जनतालाई थप अधिकार दिनेगरी अघि बढ्नुपर्छ।'

अध्यक्ष श्रेष्ठले मुलुकमा देखिएका समस्या समाधान गर्न प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय शासकीय स्वरुपमा जानु नै अहिलेको आवश्यकता भएको बताए । जनताको सङ्घर्षको बलमा प्राप्त सङ्घीयता, समानुपातिक–समावेशिताप्रति कसैले पनि आघात पु¥याउन नहुने र राजनीतिक उपलब्धि खोस्ने प्रयास गरिए जनताले त्यसको प्रतिवाद गर्ने बताए । नेपालमा लिच्छवीकालमै महाजनपदसहितको सङ्घीय प्रणाली लागू भइसकेको उनको भनाइ थियो।

नेपाल भाषा एकेडेमीका चान्सलर मल्ल के सुन्दरले सामन्ती राजतन्त्रले नेवार समुदायको पहिचान नामेट पारेको दृष्टान्त दिँदै राजतन्त्रको पक्षमा नेवार समुदाय कहिल्यै नरहेको स्पष्ट पारे । 'नेवारहरू कोही पनि राजतन्त्र फर्काउन चाहँदैन, राजतन्त्र कति पीडादायी थियो र त्यो पीडा खप्नेमध्ये नेवार समुदाय एक हो,' उनले भने, 'गणतन्त्र ल्याउन नेपाल मण्डलका नेवारको धेरै बलिदान छ, गणतन्त्रको रक्षाका लागि नेवार समुदाय अग्रपङ्क्तिमा उभिन्छ । प्रतिगमनकारी सल्बलाउन थालेका छन्, हामी कहाँ चुकेका हौँ भन्नेमा ठूला दलहरूले आत्मसमीक्षा भने गर्नुपर्छ ।' भाषा आयोगका सदस्य सुरेशकिरण मानन्धरले विगत ४० वर्षदेखि वैचारिक आन्दोलनमा होमिएका नेवाः समुदायको सुक्ष्म अध्ययन गरेर पहिचानमा आधारित सङ्घीयता नै समाधान हो भन्ने निष्कर्षसहित नेता श्रेष्ठले पुस्तक लेखेको बताए । पुस्तकमा नेवार समुदायको ऐतिहासिक विकासक्रम, प्राचीन नेपाल र नेपालमण्डलको विकासक्रम, गोरखा राज्य विस्तार र केन्द्रीकृत राज्यको प्रार्दुभाव, नेपालमा सङ्घवादी विचारको प्रार्दुभाव, सङ्घवादको सिद्धान्त, समावेशी लोकतन्त्र र निर्वाचन प्रणाली, सङ्घीयता विश्वव्यापी अभ्यास, सङ्घीयतामा पहिचानको अर्थ र महत्वबारे उल्लेख छ।

दुई सय ८८ पृष्ठमा समेटिएको पुस्तकमा नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना, पहिचानसहितको सङ्घीयताका लागि आगामी मार्ग, पहिचानसहितको सङ्घीयतामा नेवाः, राज्यका अङ्ग र त्यसको पुनःसंरचना तथा वित्तीय सङ्घीयताबारे चर्चा गरिएको छ। लेखक श्रेष्ठ न्हूदँ राष्ट्रिय समारोह समिति ११४५ का अध्यक्ष हुन्। रासस

# सकसमा उपभोक्ता अधिकार र उपभोक्ता अदालत



शीतलप्रसाद महतो

सामान्यतः जीविकाका लागि वस्तु वा सेवा खरिद गरी उपभोग गर्ने प्रत्येक व्यक्ति वा संस्थालाई उपभोक्ता मानिन्छ। उपभोगको चक्रलाई हेर्दा कुनै एक वस्तु वा सेवाको बिक्रेता वा आपूर्तिकर्ता अर्को वस्तु वा सेवाको क्रेता वा उपभोगकर्ता हुने भएकाले समाजका सबै व्यक्ति वा संस्था कुनै न कुनै रूपमा उपभोक्ता नै हुन्छन् । उपभोक्ता नभएको कुनै व्यक्ति वा संस्था हुँदैन। यस अर्थमा उपभोक्ता हकहित संरक्षणलाई आम रूपमा सबै नागरिकको हकहित संरक्षणका रूपमा हेर्न आवश्यक छ । उपभोक्ता संरक्षण अभियानलाई व्यक्तिको दैनिक जीवनयापनसँग सम्बन्धित आधारभूत हक–अधिकार संरक्षणका रूपमा लिन सकिन्छ । वस्तुतः उपभोक्ता हित संरक्षण गुणस्तरीय जीवनयापनसँग सम्बन्धित भएकाले उपभोक्ता हकलाई मानव अधिकारको अभिन्न अङ्गका रूपमा समेत लिने गरिन्छ । उपभोक्ताले आफूले उपभोग गर्न चाहेको वस्तु वा सेवा गुणस्तरयुक्त हुनुपर्ने र सो वस्तु वा सेवा उपयुक्त समयमा, उचित मूल्यमा र सहज रूपमा पाउनुपर्छ भन्ने उपभोक्ता अधिकारको आधारभूत मान्यता पनि हो ।

उपभोक्ता हकले मूलतः वस्तु वा सेवाको मूल्य, परिमाण, शुद्धता र गुणस्तर आदिबारे सही सूचना पाउने, वस्तु वा सेवाको छनोट गर्न पाउने, वस्तु वा सेवामा सहज पहुँचको अधिकार रहने, स्वच्छ प्रतिस्पर्धात्मक मूल्यमा गुणस्तरीय वस्तु वा सेवा पाउनेजस्ता अधिकार समेटेको हुन्छ । उपभोक्ताको अधिकार हनन भएमा स्वच्छ न्यायिक प्रक्रियाबाट क्षतिपूर्ति पाउने र बिक्रेतालाई उत्तरदायी बनाउने विषय उपभोक्ता हक अधिकारको अर्को महत्वपूर्ण विषय हो । उपभोक्ताको अधिकार संरक्षणका लागि उपभोक्ता अधिकार दिवस मनाउने गरिन्छ । 'स्वच्छ र प्रतिस्पर्धी बजार, उपभोक्ता हित संरक्षणको दिगो आधार' नाराका साथ यो दिवस मार्च १५ अर्थात् चैत २ गते विश्वभर मनाइएको छ ।

सुरक्षा, छनोट, सुनुवाइ र सूचना चारवटा अधिकार १५ मार्च १९६२ मा अमेरिकी कांग्रेसबाट पारित भएको दिनको सम्झनास्वरूप प्रत्येक वर्ष यो दिवस मनाउने गरिन्छ । विगत केही वर्षदेखि नेपालमा पनि विभिन्न कार्यक्रमसहित एक दिन यो दिवस मनाइँदै आएको छ । आमउपभोक्ताको जीउ, स्वास्थ्य र सम्पत्तिसँग जोडिएको विषय मानवको बाँच्न पाउने अधिकारसँग जोडिएको उपभोक्ता अधिकार दिवसलाई राष्ट्रिय दिवसका रूपमा देशव्यापी सबै प्रदेश र स्थानीय सरकारले मनाउने गरेका छन् । राष्ट्रिय पर्वका रूपमा मनाउँदै वर्षभर गर्ने कार्यहरूको योजनासहित प्रतिबद्धता जाहेर गर्ने दिनका रूपमा समेत यस दिनलाई लिने गरिन्छ ।

उपभोक्ता हकले मूलतः वस्तु वा सेवाको मूल्य, परिमाण, शुद्धता र गुणस्तर आदिबारे सही सूचना पाउने, वस्तु वा सेवाको छनोट गर्न पाउने, वस्तु वा सेवामा सहज पहुँचको अधिकार रहने, स्वच्छ प्रतिस्पर्धात्मक मूल्यमा गुणस्तरीय वस्तु वा सेवा पाउनेजस्ता अधिकार समेटेको हुन्छ । उपभोक्ताको अधिकार हनन भएमा स्वच्छ न्यायिक प्रक्रियाबाट क्षतिपूर्ति पाउने र बिक्रेतालाई उत्तरदायी बनाउने विषय उपभोक्ता हक अधिकारको अर्को महत्वपूर्ण विषय हो ।

कुनै खास वस्तु वा सेवामा बिक्रेताको एकाधिकार, खरिदकर्ताको सौदाबाजी क्षमतामा कमी वा खरिदकर्ताभन्दा बिक्रेता सङ्गठित र शक्तिशाली हुने अवस्था लगायतका कारणले बिक्रेताबाट हुन सक्ने गलत व्यावसायिक अभ्यासविरुद्ध आम उपभोक्तामा चेतना अभिवृद्धि गर्नु, उनीहरुलाई क्षति हुन नदिनु र क्षति हुन गएमा सोबापत क्षतिपूर्ति उपलब्ध गराउनु उपभोक्ता संरक्षण कानुनको उद्देश्य रहेको हुन्छ ।

त्यसैले नेपालको संविधान, २०७२ को धारा ४४ मा उपभोक्ताको मौलिक हकसम्बन्धी व्यवस्था गरिएको छ । गुणस्तरीय वस्तु र सेवाको उपभोग गर्ने र त्यसबाट कुनै प्रकारको क्षति भएमा क्षतिपूर्ति प्राप्त गर्ने व्यवस्था छ । ती हकको कार्यान्वयनका लागि विशेष ऐनका रूपमा सरकारले उपभोक्ता संरक्षण ऐन–२०७५ कार्यान्वयनमा ल्याएको छ । तर मौलिक हक कार्यान्वयनका लागि राज्यस्तरबाट जे–जे गर्नुपर्ने हो, त्यस कार्यका लागि भने सरकारी निकाय लगभग मौन छ ।

उपभोक्ता संरक्षण ऐन–२०७५ को दफा ६५ ले उपभोक्ता संरक्षण ऐन–२०५४ लाई खारेज गरेको छ तर सो ऐनबमोजिम दर्ता भई सुनुवाइका क्रममा रहेका दर्जनौँ मुद्दाबारे उपभोक्ता संरक्षण ऐन–२०७५ मौन छ, जसले गर्दा उपभोक्ताका दर्जनौँ उजुरी जिल्ला प्रशासन कार्यालयमा थन्किरहेका छन् । भर्खरै गठन गरिएको उपभोक्ता अदालतमार्फत आमउपभोक्ताले फरक अनुभूति गर्ने गरी कार्य सम्पादन गराउन सरकार जिम्मेवार हुनुपर्छ । उपभोक्ता संरक्षण ऐन २०७५ मार्फत राज्यबाट आमउपभोक्तालाई दिएका अधिकार एवं संविधान प्रदत्त मौलिक हक सफल कार्यान्वयनका लागि गठन भएका उपभोक्ता अदालत अब ७७ वटै जिल्लामा गठन गर्न सक्नुपर्छ ।

वस्तु र सेवा दुवैमा जनतामाथि हुने अन्याय, लुट, ठगी रोक्न र विधिको शासन तथा कानुनीराजको अनुभूति गर्न कमसेकम पहिलो चरणमा सात प्रदेशमा तत्काल उपभोक्ता अदालत गठन गर्नुपर्छ अनि मात्र राज्यप्रति आमउपभोक्ताको विश्वास बढ्छ । सँगसँगै अदालतप्रति पनि आमविश्वास बढाउन सकिन्छ । बजार व्यवस्थापन उपभोक्ता हक–अधिकार संरक्षण र प्रवद्र्धन गर्न सबै निकायको अधिकार दायित्व र कार्यक्षेत्र प्रस्ट रूपमा बाँडफाँड गर्नुपर्ने देखिन्छ । उपभोक्ता हित विपरीतको कसुर ३६५ दिनै हुने हुँदा चुस्त–दुरुस्त र पारदर्शी संयन्त्रबाट अनुगमन र नियमन तथा दण्ड र पुरस्कारको व्यवस्था मिलाउनुपर्ने देखिन्छ। अत्यावश्यक खाद्य सामग्री तथा गैरखाद्यसामग्रीको मूल्य, गुणस्तर र नियमित आपूर्तिको व्यवस्था मिलाउँदै गुणस्तरलगायतको नियमन नियन्त्रण अति आवश्यक छ ।

स्पष्ट आपूर्ति नीति, बजार नीति, उपभोक्ता हित संरक्षण नीतिलगायत कार्यान्वयनमार्फत एउटा नागरिक वस्तु र सेवाको उपभोग गरेर फर्कदा ढुक्क हुने वातावरण सिर्जना गर्नुपर्छ। यसैगरी प्रदेश र स्थानीय पालिकामा अनिवार्य रूपमा एउटा सुपथ मूल्य पसल, उपभोक्ता हकहित सूचना केन्द्र, गुनासो व्यवस्थापन एकाइको स्थापना र सञ्चालन नहुँदा सबै क्रियाकलाप प्रभावकारी हुन सकेको छैन् । उपभोक्ता हित, स्वच्छ बजार, गुणस्तर र मापदण्ड निर्माण गर्ने विभाग, खाद्य प्रविधि, औषधि व्यवस्था, नेपाल गुणस्तर, कृषि पशु स्वास्थ्य शिक्षा, यातायात सञ्चार, विद्युत्, खानेपानीजस्ता विभागको एकीकृत कार्ययोजना सहज कार्यान्वयनका लागि विशेष कार्यक्रम नीतिगत रूपमै प्रस्ट हुनुपर्दछ । सचेत र सक्रिय उपभोक्ता निर्माणका लागि उपभोक्ता शिक्षा कार्यक्रम घरदेखि विद्यालयसम्म लागू हुनुपर्छ ।

उपभोक्ता अधिकार पूर्ण रूपमा कार्यान्वयन गर्न हरेक वस्तु र सेवा क्षेत्रमा सूचनाको हकसम्बन्धी कानुनको कार्यान्वयन गर्नुपर्ने अहिलेको आवश्यकता छ । मूल्य, गुणस्तर परिमाण र शुद्धतामा यसले सकारात्मक प्रभाव पार्छ । उपभोक्ता हकहित र स्वच्छ बजारका क्षेत्रमा नयाँ–नयाँ दृष्टिकोण ल्याउन आवश्यक छ । उपभोक्ता हित संरक्षण र प्रवर्द्धन गर्न जारी गरेका दर्जनौँ ऐन–कानुनलाई सफल र प्रभावकारी कार्यान्वयन गर्न विशेष कार्ययोजनासहित आमउपभोक्तालाई जागरुक गराउन सके मात्र उपभोक्ता अधिकार दिवसले सार्थकता पाउन सक्छ। अन्यथा, विगतका वर्षमा जस्तै वर्षभर आपूर्तिको समस्या, मूल्यवृद्धिको मार, गुणस्तरहीनताको प्रभावलगायतबाट मुक्ति पाउन सकिँदैन ।

आमउपभोक्तासँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जोडिने कुनै पनि क्षेत्रमा सन्तोषजनक काम हुन सकेको छैन । अनुगमन र नियमन पनि सीमित क्षेत्रहरू दाल, चामल, तेल, गेडागुडीलगायत खाद्यान्नमा मात्र सतही हिसाबले हुने गरेको अवस्था छ । अस्वाभाविक मूल्यवृद्धिका कारण दैनिक जीवनयापनमै कठिनाइ देखिएपछि आमनागरिकमा विद्रोह पैदा भई समस्या सिर्जना हुनसक्छ । यसतर्फ हामी समयमै सचेत हुन जरुरी छ । यसरी सङ्घ, प्रदेश र स्थानीय तहमा रहेका स्वच्छ बजार कायम गर्ने नियमनकारी निकायबीच आपसी समन्वय र सहकार्य हुन सकेको देखिँदैन । आमनागरिकको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने यस किसिमको संवेदनशील विषय प्राथमिकतामा पर्न सकेको छैन । अबोध बालक, वृद्धवृद्धा र अशक्त नागरिकले बढी मात्रामा प्रयोग गर्नुपर्ने दूध, पानी, तरकारी, फलफूल, माछामासुलगायत वस्तुको 'प्याकेजिङ' गर्नुपर्ने व्यवस्था भए पनि यस्ता वस्तुको गुणस्तरबारे आमउपभोक्तामा रहेको शङ्का निवारण गर्न सरकार गम्भीर हुन सकेको छैन् । विश्वव्यापी स्वच्छ र प्रतिस्पर्धी बजारको मान्यताविपरीत भइरहेको क्रियाकलाप नियन्त्रण गर्न विभिन्न मापदण्ड, नीति–नियम, ऐन, कानुनको समयसापेक्ष परिवर्तन गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिएको छ ।

बजारमा सर्वमान्य विधिको शासन स्थापित गरी वस्तु तथा सेवाको मूल्य र गुणस्तरबारे व्यावसायिक सचेतना र उपभोक्ता शिक्षा प्रदान गर्न सरकारी निकायले जुन हिसाबले जिम्मेवारी बोध गर्नुपर्ने हो, त्यसो हुन सकेको छैन । बजारको मागअनुसार आपूर्ति गर्न स्वदेशी उत्पादन र आयातको विवरण झल्कने वैज्ञानिक अभिलेख राख्न सकिएको छैन ।

संविधानमा व्यवस्था गरिएको मौलिक हकको सफल कार्यान्वयन गर्ने हो भने बजार अनुगमन, नियमन, अध्ययन र सहज आपूर्ति व्यवस्था गरिनुका साथै अन्तरराष्ट्रिय मूल्य–मान्यता आत्मसात् गर्ने नीति कार्यान्वयन हुनै पर्दछ । त्यस्तै मूल्य नियमन, विश्लेषण र निर्धारण गर्ने, नमूना सङ्कलन र परीक्षण गर्ने व्यवस्था कडाइसाथ पालना हुनुपर्छ । उपभोक्ता संरक्षण ऐन, २०७५ पुनर्लेखन गरी वस्तु सेवा क्षेत्रमा छरिएका कानुनको छाता कानुन निर्माण गर्न आवश्यक छ । दण्ड र पुरस्कार दुवैलाई राज्यले सँगसँगै लैजानुपर्ने अहिलेको आवश्यकता देखिएको छ । नेपालमा मात्र बिक्री गर्ने भनी आयात गरिएका तर स्पष्टसँग लेबल नखुलेका खाद्यवस्तुलाई सरकारले पूर्ण रूपमा आयात प्रतिबन्ध गर्नुपर्छ। उपभोक्ताको मौलिक हक संरक्षण गर्न गुनासो सुनुवाइ र व्यवस्थापन गर्ने गरी सरकारले शक्तिशाली उपभोक्ता आयोग गठन गरे आमउपभोक्ताको अधिकार सुनिश्चित हुने देखिन्छ ।

आमनागरिकलाई अस्वाभाविक महँगीको मारबाट बचाउन सरकार, निजी क्षेत्र लगायतका सबै सरोकारवाला एकजुट हुनुपर्नेमा मुकदर्शक भएर वस्नुले आम उपभोक्तामा चरम निराशा छाएको छ । सामान्यतया मूल्य बढ्नुमा आर्थिक कारण जिम्मेवार हुन्छ । उत्पादन घट्नु, बजारको माग अनुरुपको आपूर्ति गर्न नसक्नु, कालोबजारी र व्यवसायीको बढी नाफा लिने प्रवृत्तिका कारण मूल्य वृद्धि हुने हो । यसका साथै मुलुकभित्र झाँगिएको बजारमा एकाधिकार पनि मूल्यवृद्धिको अर्को कारण हो । 'सिन्डिकेट' र 'कार्टेलिङ'प्रति सरकार उदासीन बस्दा मुलुकमा महँगी अनियन्त्रित रुपमा बढेको दावी उपभोक्ता अधिकारकर्मीको छ । अनियन्त्रित रुपबाट बढेको महँगीको मारमा सामान्य व्यक्ति तथा परिवारदेखि मुलुकको अर्थतन्त्र समेत प्रभावित भइरहेको हुन्छ । एकातिर यसले विपन्न, निम्न मध्यम र मध्यम वर्गको दैनिक जीवन कष्टकर बनाइराखेको हुन्छ भने अर्कोतिर यसले मुलुकको समग्र अर्थतन्त्रलाई नै नराम्ररी प्रभावित गरिराखेको हुन्छ ।

यसको दीर्घकालीन असर बढ्दै गयो भने समाजमा विभिन्नखाले विभेद बढाउँछ । फलस्वरुप देशमा विभिन्नखाले द्वन्द्व र सामाजिक समस्या सिर्जना हुन्छ । त्यसकारण पनि कालोबजारी र अस्वाभाविक रुपमा नाफा खाने प्रवृत्तिलाई निरुत्साहित गर्दै राज्यले आमउपभोक्तालाई उपभोग्य वस्तुमाथिको सहज र सरल पहुँच उपलब्ध गराउन सक्नुपर्दछ ।

वास्तवमा उपभोक्ता हकअधिकार संरक्षण नभएसम्म कुनै पनि मुलुकमा शान्ति, स्थिरता र समृद्धिको कल्पना पनि गर्न सकिँदैन । आमनागरिकलाई सहज र सरल ढङ्गबाट गुणस्तरीय खाद्यान्न उपभोगको पहुँच बढाउन हाम्रा तीनै तहका सरकार, राजनीतिक दल, सचेत नागरिक समाज, उपभोक्तावादी सङ्घ–सङ्गठन, अधिकारकर्मीलगायत सरोकार राख्ने सबै पक्षबीच एकीकृत प्रयास हुन आवश्यक छ । रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ ।

# गर्भवतीका लागि निःशुल्क एम्बुलेन्स सेवा प्रभावकारी



**आरके श्रीवास्तव**
**रौतहट ।**

देशमा संघीयता आएदेखि आमनागरिकको सेवासुविधामा बढोत्तरी भएको छ । अहिलेको व्यवस्थाप्रति असन्तुष्टि बढिरहेका बेला नागरिकलाइ प्रत्यक्ष लाभ भएकामा कमैको ध्यान छ । गणतन्त्र आएपछि केही परिवर्तन भएन भन्नेहरु रौतहटको ग्रामीण क्षेत्र पुगेर अनुभव गर्न सक्छन् । बाटोघाटो, कालोपत्रे, पक्की सडक मात्र होइन स्वास्थ्य सेवामा पनि सुविधा पाएका छन् ।

कुनै बेला गाउँघरमा समयमा एम्बुलेन्स नपुगेर अकालमै गर्भवतीको मृत्यु हुने गरेका घटना धेरै सुनिन्थ्यो । तर आजकल कमै सुन्न पाइन्छ । यो सबको देन स्थानीय सरकारलाइ जान्छ । रौतहटको राजपुर नगरपालिकाको नगरभरीको गर्भवतीका लागि निःशुल्क एम्बुलेन्स सेवा प्रभावकारी बन्दै गएको छ ।

सेवाबाट लाभ लिने गरिब र विपन्न दिनप्रतिदिन बढ्दै गएका छन् । दैनिकजसो आधादर्जन भन्दा बढी सेवाग्राहीले निःशुल्क एम्बुलेन्स सेवा उपभोग गर्दै आएका छन् ।

प्राथमिक स्वास्थ्य केन्द्र राजपुर फरहदवामा पहिलादेखि नै एउटा एम्बुलेन्स निःशुल्क रुपमा सञ्चालन हुँदै आएको थियो । केही दिनअघि मात्र नगर प्रमुख डा.राजिक आलमले संघीय स्वास्थ्य मन्त्रालयमा पहल गरी अर्को नयाँ एम्बुलेन्स निःशुल्क रुपमा सञ्चालनमा ल्याएपछि आमनागरिकलाइ झन सहज भएको छ । यसबाट नगरबासी लाभान्वित भएका छन् ।

आवश्यक परेका बेला सबैले लाभ पाइरहेको प्रमुख प्रशासकीय अधिकृत बैजु ठाकुरले बताए ।

ठाकुरले एक महिनामा १ सय ५० भन्दा बढी विपन्न र गरिबले अति आवश्यक परेका बेला निःशुल्क एम्बुलेन्स सेवा लिएको बताए । आपत्कालीन अवस्थामा नगरबासीलाई अस्पताल पुग्न निकै सहज भएकाले निःशुल्क एम्बुलेन्स सेवा निकै प्रभावकारी बन्दै गएको मेयर डा.आलमको भनाइ छ ।

आलमले भने, 'नगरभित्र मात्रै होइन कोही असाध्यै गरिब र असहायले अनुरोध गर्दा नगर बाहिरसम्म पनि न्यून शुल्कमा सेवा दिने गरेका छौँ । गर्भवतीबाहेक अन्य बिरामीलाइ पनि न्यून शुल्कमा सेवा दिने गरिन्छ ।' निःशुल्क एम्बुलेन्स सेवा २४ सै घण्टा सञ्चालनमा रहेको उनी बताउँछन् ।

आलमले भने, 'पैसा नभएका बिरामीलाई अस्पतालसम्म पुग्न कुनै कठिनाइ नपरोस् भन्ने उद्देश्यले यो सेवा चौबीसै घण्टा नगरपालिकाले सञ्चालनमा ल्याएको हो, यसबाट गरिब र विपन्नले लाभ पाउन थालेको हुँदा निकै खुसी लागेको छ ।' राजपुरका मोजरे आलम भन्छन्, 'पैसा नभएको र आपत् परेका बेला नगरको निःशुल्क एम्बुलेन्सको सहयोग पाउँदा बिरामीको ज्यान जोगिएको छ । समयमा एम्बुलेन्स सेवा पाउँदा गर्भवती पत्नीले समयमै उपचार पाएको उनले बताए ।

# सम्पूर्ण जग्गा अधिग्रहण गर्न ज्ञापनपत्र

**राकेश यादव ।**
**रौतहट ।**

नागरिक समाज रौतहटको आह्वानमा बसेको सर्वपक्षीय बैठकले विवादित गौर राइस एन्ड फ्लोर मिल्सको जग्गाको अधिग्रहणको प्रक्रिया टुंगोमा पुर्याउने निर्णय गरेका छन् । विगत केही दिनदेखि गौर राइस मिलका विषयमा आन्दोलन भइरहेको अवस्थामा नागरिक समाजको अगुवाईमा विवादित विषयको निष्कर्षमा पुर्याउन सम्पूर्ण जग्गा अधिग्रहण गरी गौर नगरपालिकाको नाममा ल्याउने निष्कर्ष निकाल्दै अधिग्रहण प्रक्रिया अगाडि बढाउन नगरपालिकालाई ज्ञापन पत्र बुझाएका हुन् ।

नागरिक समाजका अध्यक्ष जगरनाथ प्रसाद केसरीको नेतृत्वमा राजनीतिक दलका प्रतिनिधिसहितको टोलीले नगर प्रमुख शम्भु साहलाइ बुझाएको ज्ञापन पत्रमा २ बिघा १५ कठ्ठा निःशुल्करुपमा लिने भनेर नगरपालिकाको निर्णय बदर गरी सम्पूर्ण जग्गा सार्वजनिक हितमा अधिग्रहण प्रक्रिया अविलम्ब बढाउन माग गरिएको छ ।

नगरबासीको चाहना सम्पूर्ण जग्गा गौर नगरपालिकाको नाममा आउनु पर्ने भएकाले सोहीअनुसार कार्य गर्न अनुरोध गरिएको अध्यक्ष केसरीले बताए । वर्षौंदेखि खेलकुदको मैदानको रुपमा प्रयोग हुँदै आएको गौर राइस मिलको जग्गा बिक्री प्रयोजनका लागि गरिएको मुद्दा फिर्ता लिएर सर्वपक्षीय, सर्वदलीय बैठक आह्वान गरी स्रोत व्यवस्थापन गराउन संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारलाई दबाब सृजना गर्नेसमेत ज्ञापन पत्रमा उल्लेख गरिएको नेकपा एकीकृत समाजवादी पार्टीका नेता रेवन्त झाले बताए ।

आन्दोलनले समस्या समाधान नहुने भएकाले सबैको सहमति सहकार्यमा निकास निकाल्नु पर्ने आवश्यकता माथि जोड दिँदै यसका लागि सबैले बजेट व्यवस्थापन गराउन सक्रिय पहल गर्नु पर्ने उनले धारणा राखे । नागरिक समाजको बैठकले गौर राइस मिलको नाममा दर्ता कायम ५ बिघा १९ कठ्ठा १५ धुर जग्गाको मूल्यांकन गराई बजेट व्यवस्थापन गरी छिटो अधिग्रहण गर्नुपर्ने निर्णय समेत गरेको छ ।

बैठकमा पूर्व प्रदेश सभा सदस्य बाबुलाल साह, नेपाली कांग्रेसका सचिव रामचन्द्र गिरि, नेकपा माओवादीका प्रतिनिधि चन्देश्वर राउत, जनता समाजवादी पार्टीका अध्यक्ष श्याम बिहारी यादव, लोकतान्त्रिक समाजवादी पार्टीका अनिल कुमार सिंह, समाजसेवी रामेश्वर प्रसाद यादवलागायतका व्यक्तित्व सहभागी थिए ।

# रौनियार सेवा समितिको होली मिलन

**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**

हरेक वर्ष झैँ यसपटक पनि रौनियार सेवा समिति जनकपुरधामले बिहीबार होली मिलन अनुशासितरुपमा मनाएको छ । समितिका कार्यबाहक अध्यक्ष रामबाबु गुप्ताको अध्यक्षतामा भएको होली मिलन समारोहमा रौनियार सेवा संघका राष्ट्रिय अध्यक्ष शिवनाथ गुप्ता प्रमुख अतिथि थिए । उनले रौनियार समुदायले बालबालिकालाई पढाएर समाजसेवामा लाग्नुपर्ने बताए । होली मिलन समारोहमा जनकपुरधामका रौनियार परिवारका सबै सदस्य उपस्थित थिए । कार्यक्रममा महिलाका लागि विभिन्न खेल आयोजना गरिएको थियो ।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घ धनुषाका अध्यक्ष पुरन गुप्ता, रौनियार सेवा समिति भवन निर्माण समितिका सदस्य सचिव पंकज आजाद, निर्माण व्यवसायी सङ्घ धनुषाका उपाध्यक्ष जयप्रकाश साह, संरक्षक चण्देश्वरप्रसाद साह, बलरामप्रसाद गुप्तालगायतको उपस्थिति थियो । प्रह्लाद साह, गणेश गुप्ता, पूर्व अध्यक्ष लालबाबु साह, श्यामप्रसाद साह तथा समितिका संरक्षक सदस्यहरु, पूर्वअध्यक्ष, सल्लाहकार, युवा मञ्चका वर्तमान तथा पूर्व पदाधिकारीलगायतको उपस्थिति थियो । होली मिलन समारोहमा रौनियार युवा मञ्चले महत्वपूर्ण भूमिका खेलेको थियो ।

# राष्ट्रिय परिचयपत्र विवरण सङ्कलन समय थप

**मधेशदृष्टि**
**वीरगंज ।**

जिल्ला प्रशासन कार्यालय पर्साले राष्ट्रिय परिचयपत्र बनाउने सेवाग्राहीको अत्यधिक चाप बढेसँगै कार्यालयको सेवा प्रवाहको समय थप गरेको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी सुमनकुमार कार्कीले कार्यालयमा राष्ट्रिय परिचयपत्र बनाउने सेवाग्राहीको चाप अत्यधिक बढेको हुँदा सेवाग्राहीको सुविधा र सहजतालाई ध्यानमा राख्दै चैत ५ गतेदेखि बिहान ७:३० बजेदेखि बेलुका ७ बजेसम्म राष्ट्रिय परिचयपत्रको विवरण सङ्कलनको काम हुने जानकारी दिए ।

कार्यालयले सेवा बिदाको दिनबाहेक कार्यालय खुल्ने दिन प्रदान गर्ने जनाएको छ । यसअघि यो सेवा बिहान १० देखि ५ बजेसम्म सञ्चालन हुँदै आएको थियो ।


Madhesh Province Government
Ministry of Industry, Commerce and Tourism
Tourism Development Office
Gaur, Rautahat

## Invitation for Electronic Re-bids

Date of 2nd publication 2025-03-18

1. The Tourism Development Office, Gaur, Rautahat Excutive Invites electronic bids from eligible bidders for the following works. A complete set of Bidding Documents is available online and can be download from e-GP system:https://bolpatra.gov.np/egp/PPMO'sportals specified in the bidding date sheet.

| S. N. | Contract No. | Description of Work | Exclusive of VAT, PS and Contigencies | Bid Security Amount (NRs.) | Bid Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | TDO/NCB/W/17/2081/082 | BanbauhariTalaloChaudharitolema ChhathGhattatha truss nirman, Shree ram Janki math koCompaund wall tatha Dharmasala nirman, chhathighatNirmanTathaPokharisaundrikaran,Chandrapur Na.pa-7,Rautahat | 4279617.75 | 125000 | 3000 |
| 2 | TDO/NCB/W/18/2081/082 | DabatulKuranMadrshaNirmanKarya,BhutahitolmaadhuroMasjid NirmanKaryaraJamiyalslamiyaadhurobhawanNirman,Rajpur-1,2,3, Rautahat | 4278157.05 | 125000 | 3000 |

2. Date of Pre-Bid meeting. Last Date of Purchasing. Submission and Opening of Bids.

| Contract No. | Bid Validity Period | Bid Security Validity Period | Last date of Purchase of Bids | Last date of Submission of Bids | | Opening of Bids | |
|---|---|---|---|---|---|---|---|
| | | | | Date | Time | Date | Time |
| NCB | 90 Days from Bid Opening | 120 Days from Bid Opening | 1-Apr.-2025 | 1-Apr.-2025 | 12:00 Noon | 1-Apr.-2025 | 13:00 Noon |

| Name of Bank | Name of Office | Office Account No. | |
|---|---|---|---|
| | | for Bid Fee | for Bid Security |
| Rastriye Banijay Bank Ltd. | Pradesh LekhaEkaiKaryalaya, Chandrapur, Rautahat | 1000100200010000 | 1210100202030000 |

3. Bidders should deposit the equivalent fee for bidding document in the respective Revenue Account Number:1000100200010000, Rajashwa (Revenue) Heading No.-14229, OfficeCode No. 3070020012 in Rastriya Banijya Bank Ltd.
4. Bid must be accompanied by a Bank Guarantee issued by "A" Class Commercial Bank in Nepal drawn in favour of the TDO, Gaur, Rautahat, Madhesh ProvinceGovernment in the format supplied in the Bid document or the form acceptable to the TDO, Gaur, Rautahat. If the Bidder wishes to submit bid security in the form of cash, the cash should be deposited in. Account KHA.2-3 DHARAUTI A/C (PRA. LE. NI. KA) Pradesh LekhaEkaiKaryalaya, Chandrapur, Rautahat
5. The Employeer reserves the right to accept or reject any bid and to annual the bidding process and reject all Bids any time period to contract, without thereby incurring any liability to Bidders.

Tourism Development Officer



## कर्पोरेट डेभलपमेन्ट बैंक लि., कार्यालय, वीरगंजको

### धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रिको सुचना

यस कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणाकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तरतागेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त, बन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पुर्ण कर्जा, सो कर्जाको ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुरहरु तिर्न बुझाउनका लागि यस अघि विभिन्न मितिमा राष्ट्रिय स्तरको पत्रिकामा ३५ दिने तथा १५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति तथा सो को लिग लगापात समेत जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा मिति २०८१/०६/१३ को राष्ट्रिय स्तरको पत्रिकामा १५ दिने लिलाम सूचना प्रकाशित गर्दा समेत लिलाम हुन नसकेकोले यो धितो पुनःलिलाम सुचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिती २०८१/१२/२० गते (१६ औं दिन बिदा परकोमा त्यसको लग्तै बैंक खुलेको दिन) बुधवारका दिन दिउँसो ४:०० बजे देखि बैंकको मुख्य कार्यालय वीरगंज, कर्जा विभागमा आईपुग्ने गरी** गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने हुंदा उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त १५(पन्ध्र) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरि लिलाम बिक्रि गर्ने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ ।

तपसिल

| क)ऋणीको नाम, ठेगाना |
|---|
| स्व. हुसेनी राउत बराईको नाती, जगरनाथ राउत बठैको छोरा, जिल्ला पर्सा सबैठवा वडा नं. ०५ मा बस्ने (ना.प्र.न. ८०२३०३८८ मिति २०३४/०४/१५, पर्सा) बर्ष ६४ को महेन्द्र प्रसाद बरै । |
| **ख) कर्जाको प्रकार:-अधिविकर्ष कर्जा , व्यक्तिगत आवधिक कर्जा तथा कृषि कर्जा** |
| **ग) कर्जाको सुरक्षण विवरण:** |
| **क**) स्व. हुसेनी राउत बराईको नाती, जगरनाथ राउत बठैको छोरा, जिल्ला पर्सा सबैठवा वडा नं. ०५ मा बस्ने (ना.प्र.न. ८०२३०३८८ मिति २०३४/०४/१५, पर्सा) बर्ष ६४ को महेन्द्र प्रसाद बरै को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा वीरगंज वडा नं ३ स्थित किता नं ९३ र ९४ को जम्मा क्षेत्रफल क्रमश: ०००४२.३० वर्ग मिटर र ०००३४.६० वर्ग मिटरको घर जग्गा ।<br>ख) जगरनाथ राउत बरैको बुहारी, महेन्द्र प्रसाद बरैको पत्नी, जिल्ला पर्सा सबैठवा वडा नं. ०५ मा बस्ने (ना.प्र.न.८०२३१४७९ मिति २०४४/१२/१२, पर्सा) बर्ष ५५ की शेषकलि देवि चौरसियाकी नाममा दर्ता कायम रहेको जिल्ला पर्सा वीरगंज वडा नं ३ स्थित किता नं ९५ र १३४ को जम्मा क्षेत्रफल क्रमश: ०००४२.३० र ०००१६.९३ वर्ग मिटर को घर जग्गा । |
| **घ) व्यक्तिगत जमानीकर्ताहरु :** |
| क) जगरनाथ राउत बरैको नाति, महेन्द्र प्रसाद बरैको छोरा जिल्ला पर्सा, सबैठवा गा.वि.स. वडा नं. ०५ बस्ने (ना.प्र.न. ३४-०१-७२-०१२५९ मिति २०७२/०२/१७ जि.प्र.का., पर्सा) बर्ष २६ को अंकित चौरसिया ।<br>**ख**) जगरनाथ राउत बरैको बुहारी, महेन्द्र प्रसाद बरैको पत्नी, जिल्ला पर्सा सबैठवा वडा नं. ०५ मा बस्ने (ना.प्र.न.८०२३१४७९ मिति २०४४/१२/१२, पर्सा) बर्ष ५५ की शेषकलि देवि चौरसिया । |
| **पुनश्च : धितो लेखिदिने तथा ब्यक्तिगत जमानी दिनेहरुलाई सूचना :**<br>उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन : अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्रप्त नभई कम मूल्यमा बिक्री भयो वा बैंक आफैले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(६) अनुसार सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याकन गरी बैंक आफैले सकार गर्दा सकेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत ब्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ । |

**शिलबन्दी लिलाम बिक्री सम्वन्धी अन्य शर्त वन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्सा बाट प्राप्त गर्न सकिनेछ ।
२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ पन्ध्रौ दिनको दिउंसो ३:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा.०६ गितामन्दिर रोड पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।
३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा जम्मा गरेको भौचरको सक्कल प्रति साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५(पन्द्र) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत गर्ने अधिकार बैंकमा रहनेछ ।
४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वतः रद्द हुनेछ ।
५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिकी गर्न बोलपत्र भर्न सकिनेछ । बिकी नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।
६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।
८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१ चैत्र १९ गते मंगलबार दिउँसो ४:०० बजे सम्म ।**
**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८१ चैत्र २० गते बुधवार दिउँसो ४:०० बजे ।**
**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय, गितामन्दिर रोड, बीरगन्ज, पर्सा ।**

नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

प्रधान कार्यालय:
गीता मन्दिर रोड, वीरगंज,पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट
श्रीसिया, बिरगंज । टेडारोड, चोर्नी, (जीतपुर) ।

# आज देशभर स्ववियु निर्वाचन

**मधेशदृष्टि**
**वीरगंज ।**

आज देशभर स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)को निर्वाचन हुँदैछ । बिहानैदेखि हुने स्ववियु निर्वाचनमा विद्यार्थी संगठनहरुको रोचक प्रतिपर्धा छ । मधेशका कलेजहरुमा पनि विद्यार्थी संगठनहरुको उस्तै प्रतिस्पर्धा छ ।

मंगलबार हुने स्ववियु निर्वाचनका लागि वीरगंजमा सुरक्षा व्यवस्था सुदृढ तुल्याइएको पर्साका प्रहरी उपरीक्षक गौतम मिश्रले बताए । निर्वाचन स्वच्छ र मर्यादित तुल्याउन सुरक्षाको स्तरीय प्रबन्ध गरिएको उनले बताए । वीरगंजको ठाकुरराम क्यामपस र नर्सिङ्ग क्यामप्समा निर्वाचन हुँदैछ ।

वीरगंजको ऐतिहासिक ठाकुरराम बहुमुखी क्याम्पसमा १६ वर्षपछि स्ववियु निर्वाचन हुन लागेको हो । यहाँ ८ दलीय महागठबन्धन प्यानल सबै संगठनका लागि चुनौती बनेको छ । ठाकुरराम क्याम्पसको



विद्यार्थी राजनीतिमा सक्रिय साना दलका विद्यार्थी नेता मिलेर चुनावी प्रतिस्पर्धामा उत्रिएपछि ठूला दलका विद्यार्थी नेतासमेत तनावमा छन् ।

निर्वाचनमा समाजवादी विद्यार्थी युनियन,समाजवादी विद्यार्थी युनियन, नेपाल, जय नेपाल विद्यार्थी संघ, स्वतन्त्र, नेपाल विद्यार्थी समूह, अनेरास्ववियु, स्वतन्त्र युवा समूह, नेपाल विद्यार्थी कल्याण समूह, नेपाल विद्यार्थी संघ, राष्ट्रिय विद्यार्थी संघ, अखिल (क्रान्तिकारी), भोट फोर चेन्ज स्वतन्त्र विद्यार्थी यूनियन, राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी संगठनलगायतबाट शुरुमा १४ जना सभापतिका उम्मेदवार भएका थिए । ठाकुराम बहुमुखी क्याम्पसमा प्रत्यक्ष र समानुपातिक गरी २१ पदका लागि २ सय ४७ जनाको उम्मेदवारी परेको छ । ठाकुरराम क्याम्पसमा १० हजार ५ सय बढी मतदाता छन् ।

८ दलीय महागठबन्धनबाट श्याम प्रसाद गुप्ताको नेतृत्वमा सचिवमा राज साह कानु, कोषाध्यक्षमा सलमान देवान तथा सदस्यमा रामकृष्ण यादव, मयंक कुमार श्रीवास्तव, अजय कुमार पटेल, सुवान्शी कुमारी, मुस्कान समानी, रामाशंकर पण्डित, पृथ्वी नारायण सिंह, अर्जुन कुमार सर्राफ, सन्दीप प्रसाद चौहान र गौतम यादव लगायतका विद्यार्थी नेता एउटै ब्यानरमा एकजुट भएका छन् ।

महागठबन्धनमा विद्यार्थी जनमत संघ, अनेरास्ववियु (समाजवादी), नयाँ शक्ति, राष्ट्रिय बजरंग दल, उन्मुक्ति, सद्भावना, स्वतन्त्र युवा समूह र मुस्कान महिला समूह जस्ता विद्यार्थी संगठनका नेता एकजुट भएका छन् । जनमत पार्टी पर्साका अध्यक्ष ओमप्रकाश सर्राफका अनुसार, ८ दलको प्रत्यक्ष गठबन्धनमा विद्यार्थी नेता चुनावी प्रतिस्पर्धामा उत्रिएको र साना विद्यार्थी संगठनको समेत समर्थन छ ।

यस्तै वीरगंज नर्सिङ कलेजमा अखिल क्रान्तिकारीबाट कविता आचार्य, सचिव सरस्वती श्रेष्ठ र कोषाध्यक्ष अञ्जु सुनारले उम्मेदवारी दर्ता गराएका छन् । प्रत्यक्षबाट पाँचजना सदस्य र समानुपातिकाबाट सातजना सदस्यको उम्मेदवारी परेको अखिल क्रान्तिकारीका केन्द्रीय सचिव मिरोज अहमदले जानकारी दिए ।


## कर्जा चूक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गरेको विभिन्न शिर्षकका कर्जा सुविधाहरु लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार समय समयमा बुझाउनु पर्ने सांवा, ब्याज आदि नतिरी नबुझाई ऋण लिंदा गरेको शर्त, कबुलियत उल्लंघन गरेको र बैंकले मौखिक एवं लिखित रुपमा पटक पटक तरतागेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान नगरेको हुंदा यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्रमा कर्जाको सम्पूर्ण सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ । अन्यथा उल्लेखित मिति भित्रमा बुझाउनू पर्ने सम्पूर्ण कर्जा सांवा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगरेमा यस बैंकलाई कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३,नेपाल राष्ट्र बैङ्क तथा वित्तिय संस्थालाइ जारी गरीएको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनामा आउने निर्देशन,परिपत्रहरु, बैङ्कको कर्जा असुलि निति तथा अन्य सम्बद्ध ऐन कानुनले दिएको अधिकार प्रयोग गरी धित्तोमा रहेको चल अचल सम्पति जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरि वा अन्य व्यवस्था गरि बैंकको सांवा, व्याज, हर्जाना लगायत असुली कारवाहीको सिलसिलामा भएका अन्य खर्चहरु समेत असुल उपर गरी लिने तथा लेना रकम असुल उपर नभएको खण्डमा तपाई ऋणीहरु तथा धन जमानी दिनेको घर घराना/चल अचल सम्पतिबाट असुल उपर गरिनुका साथै प्रचलित नियम कानुन बमोजिम तपाई ऋणी तथा जमानीकर्तालाई कालो सूचिमा राख्न सिफारिश गर्ने व्यहोरा समेत ऋणी, जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

१) ऋणीको नाम र ठेगाना

**क**) औषधी ऐन २०३५ र औषधी नियमावली २०३८ बमोजिम नेपाल सरकार, स्वास्थ्य तथा जन संख्या मन्त्रालय, औषधी व्यवस्था बिभाग कायर्लयबाट दर्ता भै नं. र.प.नं. ३८००६१२१३११५६ अन्तरगत मिति २०८०/०६/१२ मा दर्ता कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजेश्व विभाग, विरगंजबाट दर्ता भै स्थायी लेखा नम्बर १२२५६२०१७ भएको पर्सा वीरगंज महानगरपालीका वडा नं. ०४,विर्तामा कार्यलय रहेको **श्री सर्राफ ड्रग एजेन्सी ।**

**ख**) औषधी ऐन, २०३५ र औषधी नियमावली, २०३८ बमोजिम नेपाल सरकार, स्वास्थ्य तथा जन संख्या मन्त्रालय, औषधी व्यवस्था बिभाग कायर्लयबाट दर्ता भै नं. र.प.नं. ३८००५१९११५६१६ अन्तरगत मिति २०८०/०५/१९ मा दर्ता कायम भई प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम मधेश प्रदेश सरकार, उधोग,वाणिज्य तथा पर्यटन मन्त्रालय, उधोग विभाग ,वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, विरगंज,पर्सा अन्तर्गत मिति २०८०/१०/११ गतेमा दर्ता भै प्रा.फ.र.नः २-२२-२६०-२४४/२०८०/८१, अन्तर्गत दर्ता कायम भई पर्सा जिल्ला वीरगंज महानगरपालिका वडा नं. १६ कार्यलय रहेको श्री **शान्ति भवानी फार्मेसी** ।

**ग**) बिन्देश्वरी सर्राफको छोरी, राजेश्वर प्रसाद सर्राफको बुहारी, विनोद कुमार सर्राफको पत्नी जिल्ला पर्सा वीरगंज वडा नं. ५ बस्ने (ना.प्र.न. ६८२० ,जारी मिति २०६७/०६/२५ जि.प्र.का. पर्सा) बर्ष **४९ की गिता देवी सर्राफ ।**

**कर्जाको सुरक्षण विवरण**

**क**) बिन्देश्वरी सर्राफको छोरी, राजेश्वर प्रसाद सर्राफको बुहारी, विनोद कुमार सर्राफको पत्नी जिल्ला पर्सा वीरगंज वडा नं. ५ बस्ने ( ना.प्र.न. ६८२० जारी मिति २०६७/०६/२५ जि.प्र.का. पर्सा) बर्ष **४८ की गिता देवी सर्राफ** को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा, **वरगंज उ.म.न.पा** वडा नं.**११** स्थित कित्ता नं. **१८०** को जम्मा क्षेत्रफल **८४.६५** व.मी. को घरजग्गा ।

**ख**) असर्फी साह सर्राफको नाति ,राजेश्वर प्रसाद सर्राफको छोरा, जिल्ला पर्सा वीरगंज वडा नं. १ बस्ने (ना.प्र.न. ३४३०२२-१/२७५,जारी मिति २०६३/११/२२ जि.प्र.का. पर्सा) बर्ष **५३ को प्रमोद कुमार सर्राफ** को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा, विरगंज उ.म.न.पा वडा नं.**१** स्थित कित्ता नं. ३८७ को जम्मा क्षेत्रफल १४६.०२ व.मी. को घरजग्गा ।

**प्रोप्राइटरहरु तथा व्यक्तिगत जमानीकर्ताहरु :**

क) असर्फी साह सर्राफको नाति राजेश्वर प्रसाद सर्राफको छोरा ,जिल्ला पर्सा वीरगंज वडा नं. १ बस्ने (ना.प्र.न. ३४३०२२-१/२७८ जारी मिति २०६३/११/२२ जि.प्र.का. पर्सा) बर्ष **४२ को बीरभूषण सर्राफ** ।

**ख**) असर्फी साह सर्राफको नाति राजेश्वर प्रसाद सर्राफको छोरा जिल्ला पर्सा वीरगंज म.न.पा वडा नं. १ बस्ने (ना.प्र.न. ३४३०२२-१/२७५ ,जारी मिति २०६३/११/२२ जि.प्र.का. पर्सा) बर्ष **५३ को प्रमोद कुमार सर्राफ** ।

**ग**) बिन्देश्वरी सर्राफको छोरी, राजेश्वर प्रसाद सर्राफको बुहारी, विनोद कुमार सर्राफको पत्नी जिल्ला पर्सा वीरगंज वडा नं. ५ बस्ने ( ना.प्र.न. ६८२० मिति २०६७/०६/२५ जि.प्र.का. पर्सा) बर्ष **४८ की गिता देवी सर्राफ** ।

**घ**) राजेश्वर प्रसाद सर्राफको नाति, प्रमोद कुमार सर्राफको छोरा ,जिल्ला पर्सा वीरगंज वडा नं. ५ बस्ने (ना.प्र.न. ३४-०१-७०-१३१७८ ,जारी मिति २०७०/१२/०५ जि.प्र.का., पर्सा) बर्ष **२८ को प्रशान्त कुमार सर्राफ** ।

**ङ**) राजेश्वर प्रसाद सर्राफको नाती, बिनोद कुमार सर्राफको छोरा ,जिल्ला पर्सा वीरगंज वडा नं. ४ बस्ने (ना.प्र.न. ३४-०१-८०-०११४८ ,जारी मिति २०८०/०१/०२ जि.प्र.का. पर्सा) बर्ष **२० को प्रिन्स सर्राफ** ।

**च**) नगनारायण साहको छोरी, राजेश्वर प्रसाद सर्राफको बुहारी, प्रमोद कुमार सर्राफको पत्नी जिल्ला पर्सा वीरगंज वडा नं. ५ बस्ने ( ना.प्र.न. ६७९४ ,जारी मिति २०६७/०६/२४ जि.प्र.का. पर्सा) बर्ष **५२ की पुनिता देवी सर्राफ** ।

**छ**) राजेश्वर प्रसाद सर्राफको नाति, हिदय नारायण सर्राफको छोरा, जिल्ला पर्सा वीरगंज म.न.पा वडा नं. ४ बस्ने (ना.प्र.न. ३४-०१-७८-०११५४ ,जारी मिति २०७८/०४/०८ जि.प्र.का. पर्सा) बर्ष **२२ को रंजित सर्राफ ।**

**ज**) अजय साहको छोरी, राजेश्वर प्रसाद सर्राफको बुहारी, बीरभूषण सर्राफको पत्नी जिल्ला पर्सा वीरगंज वडा नं. ५ बस्ने (ना.प्र.न. ६८०७, जारी मिति २०६७/०६/२४ जि.प्र.का. पर्सा) बर्ष **४२ की शिल्पा देवी सर्राफ** ।

**झ**) राजेश्वर प्रसाद सर्राफको नाति ,प्रमोद कुमार सर्राफको छोरा, जिल्ला पर्सा, वीरगंज म.न.पा वडा नं. ४ बस्ने (ना.प्र.न. ३४-०१-७६-०१०९८ ,जारी मिति २०७६/०१/२० जि.प्र.का., पर्सा) बर्ष **२६ को सिद्धान्त सर्राफ** ।

ञ)राधेश्याम प्रसाद साहको छोरी, राजेश्वर प्रसाद सर्राफको बुहारी, हिदय नारायण सर्राफको पत्नी जिल्ला बारा,सिसहनिया-४(हालः जिल्ला पर्सा वीरगंज वडा नं. ५ बस्ने (ना.प्र.न. ११३७/१४२७, जारी मिति २०५०/११/१५ जि.प्र.का. पर्सा) बर्ष **४८ की उमा कुमारी सर्राफ ।**

**ट**) राजेश्वर प्रसाद सर्राफको नाति ,हिदय नारायण सर्राफको छोरा ,जिल्ला पर्सा वीरगंज म.न.पा वडा नं. ४ बस्ने (ना.प्र.न. ३४-०१-७८-०११५३,जारी मिति २०७८/०४/०८ जि.प्र.का. पर्सा) बर्ष **२५ को रोहित सर्राफ ।**

**ठ**) असर्फी साह सर्राफको नाति ,राजेश्वर प्रसाद सर्राफको छोरा, जिल्ला पर्सा वीरगंज म.न.पा वडा नं. ४ बस्ने (ना.प्र.न. ३४३०२२-१/२७६,जारी मिति २०६३/११/२२ जि.प्र.का. पर्सा) बर्ष **४८ को हिदय नारायण सर्राफ ।**

**ड**) असर्फी साह सर्राफको नाति राजेश्वर प्रसाद सर्राफको छोरा जिल्ला पर्सा वीरगंज म.न.पा वडा नं. १ बस्ने (ना.प्र.न. ३४३०२२-१/२७७ ,जारी मिति २०६३/११/२२ जि.प्र.का. पर्सा) बर्ष **५० को विनोद कुमार सर्राफ** ।

**नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

**प्रधान कार्यालयः**
**गीता मन्दिर रोड, वीरगंज,पर्सा**
**फोन नं. ०५१-५३१०३१**
शाखा कार्यालयः बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट, श्रीसिया, बिरगंज । टेडारोड, चोर्नी, ( जीतपुर) ।


# अन्तिम चरणको कसरत

सप्तरीको राजविराजस्थित महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पसमा विभिन्न विद्यार्थी संगठनबीच रोचक प्रतिस्पर्धा देखिने भएको छ । ३ हजार १४ मतदाता रहेको स्ववियु निर्वाचनमा नेपाल विद्यार्थी संघ र लोकतान्त्रिक विद्यार्थी संघको संयुक्त गठबन्धनबाट सभापति पदमा नितिश कुमार यादव प्यानलसहित चुनावी मैदानमा छन् ।

समाजवादी विद्यार्थी युनियन र अखिल(क्रान्तिकारी)को संयुक्त गठबन्धनबाट सभापति पदमा रंजित कुमार यादव प्यानलसहित प्रतिस्पर्धामा छन् । यस्तै, विद्यार्थी जनमत संघबाट त्रिवेणी कुमार यादव सभापति पदमा तथा अनेरास्ववियुको तर्फबाट मनिषा कुमारी साह सभापति पदमा प्यानलसहित चुनावी मैदानमा छन् । यहाँ विनय कुमार यादव (बालेन)ले पनि सभापति पदमा स्वतन्त्र उम्मेदवारी दिएर चुनावी भिडन्तलाई रोचक बनाएका छन् ।

सभापति पदका पाँचै जना उम्मेदवार विद्यार्थीमाझ लोकप्रीय छन् । त्यसैले कसले बाजी मार्ला भन्ने यकिन साथ भन्न कठिन भएको स्ववियु निर्वाचनलाई नजिकबाट नियालिरहेका विद्यार्थीको भनाइ छ । सबै उम्मेदवारले विद्यार्थीको हकहित र अधिकार तथा क्याम्पसमा देखिएको शैक्षिक समस्या समाधान गर्ने प्रतिवद्धतासहित मत आफ्नो पक्षमा पार्ने अन्तिम प्रयास गरिरहेका छन् ।

सभापतिसहित प्रत्यक्षतर्फ १० र समानुपातिकतर्फ ९ गरी कूल १९ पदका लागि हुने निर्वाचनमा ४१ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् ।

# जनज्योतिमा रोचक प्रतिस्पर्धा

रौतहटको एकमात्र स्ववियु निर्वाचन हुने क्याम्पस जनज्योति बहुमुखी क्याम्पस चन्द्रनिगाहपुरमा स्ववियु निर्वाचनको सरगर्मी छ । मनोनयन दर्ता सकिएपछि विद्यार्थी संगठन चुनावी प्रचारमा सक्रिय छन् । स्ववियु निर्वाचनका लागि विभिन्न विद्यार्थी संगठनले आफ्ना उम्मेदवार घोषणा गरिसकेका छन् । यसपटकको निर्वाचनमा अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) र नेपाल विद्यार्थी संघ (नेविसंघ) बीच मुख्य प्रतिस्पर्धा हुने देखिएको छ । क्याम्पसमा लामो समयदेखि प्रभाव जमाउँदै आएका यी दुई संगठनबीचको टक्कर निकै रोचक हुने अनुमान गरिएको छ । नेविसंघका अध्यक्ष पदका उम्मेदवार मोहम्द नौसाद आलम नेतृत्वको टिमले विद्यार्थी अधिकार, शिक्षाको गुणस्तर सुधार, पूर्वाधार विकास तथा अतिरिक्त गतिविधि विस्तारलाई मुख्य एजेन्डा बनाएको छ । यस्तै, अनेरास्ववियुका अध्यक्षका उम्मेदवार दामोदर उप्रेती नेतृत्वको टिमले विद्यार्थी हकहित र क्याम्पस सुधारको पक्षधर बताउँदै, विगतका उपलब्धि रक्षा गर्दै थप परिवर्तन ल्याउने दाबी गरिरहेको छ ।

यस्तै, अखिल (क्रान्तिकारी) ले पनि चुनावी मैदानमा आफ्नो बलियो उपस्थिति देखाएको छ । अध्यक्ष पदका उम्मेदवार अजय पटेलको नेतृत्वमा क्रान्तिकारी समूहले शिक्षा नीतिमा आमूल परिवर्तन, क्याम्पसका विद्यार्थीहरूको आर्थिक, सामाजिक तथा शैक्षिक उत्थानका लागि आफूहरू लड्ने दाबी गरिरहेको छ ।

संयुक्त समाजवादी विद्यार्थी युनियन नेपालले अध्यक्ष पदमा राजन चौधरीलाई उम्मेदवार बनाएको छ ।

# अपाङ्गता भएकालाई अधिकारबाट वञ्चित गराइयोः गुप्ता



**मधेशदृष्टि**
**महोत्तरी ।**

नेपाली कांग्रेसको भ्रातृसंस्था राष्ट्रिय अपाङ्ग लोकतान्त्रिक संघ मधेश प्रदेशको प्रथम अधिवेशन महोत्तरीको बर्दिबासमा शुरु भएको छ । प्रथम मधेश प्रदेशस्तरीय अधिवेशनमा नेपाली कांग्रेस मधेश प्रदेश प्रचार प्रसार विभाग प्रमुख नितेशकुमार गुप्ताले मन्दिर रोजेर पूजा नगर्नु, देउता सबै एउटै हुन्छ, अपाङ्ग भनेर हेला नगर्नु आत्मा सबैको एउटै हुन्छ भन्दै मधेश प्रदेशमा चैँ विपरीत भइरहेको बताए ।

'हामी अधिकारका कुरा गर्छौं तर मधेश प्रदेशमा अपाङ्गता भएका व्यक्तिलाई अधिकारबाट वञ्चित गरिएको छ, अपाङ्गता भएका व्यक्तिको आडमा जातिवाद, नातावाद, कृपावादले चरम रुपमा जरो गाडिसकेको अवस्थामा बहुसंख्यक अपाङ्ग समुचित हक अधिकार पाउनबाट वञ्चित रहनु परेको छ,' उनले भने, 'अहिलेका मुख्यमन्त्री सस्तो लोकप्रियता कमाउने उद्देश्य तथा जनताको ध्यानलाई दिग्भ्रमित बनाउन निजी अस्पतालमा चेकजाँचका नाममा अराजकता मच्चाउदै बन्द गराउने कार्यमा तल्लीन छन् ।'

उनले हिम्मत भए प्रदेश सरकार मातहतमा सञ्चालित अस्पतालमा कार्यरत चिकित्सकद्वारा सञ्चालन गरिएका निजी अस्पताल बन्द गर्न मुख्यमन्त्रीलाई चुनौती दिए । मधेश प्रदेशमा अपाङ्गता भएका व्यक्तिलाई समुचित उपचार व्यवस्थाप नभएको र सामाजिक विकास मन्त्रालयबाट अपाङ्गका नाममा विनियोजन भएका बजेट दुरुपयोग भएको उनले बताए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन